जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९,
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १८५ २०८० साल फागुन ११ गते शुक्रबार (23 Feb. 2024 Friday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : जिब्रोको स्वाद र मोटोपनको ३ पृष्ठमा : 'लघुवित्त र मिटरब्याजपीडितलाई ... ३ पृष्ठमा भारतमा किसानमाथि प्रहरी ...

# राजविराज नगरपालिकाबिरुद्ध अदालतले दियो अन्तरिम आदेश

## "प्रमुख प्रशासकीय अधिकृत गुरुङलाई कामकाजमा कुनै वाधा अवरोध नगर्नु"

**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन ।**

राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बिष्णु प्रसाद गुरुङले कार्यवाहक नगरप्रमुख इसरत परविन र नगरपालिका कार्यालयलाई विपक्षी बनाई दायर गरेको रिटमा अदालतले अन्तरिम आदेश जारी गरेको छ ।

उच्च अदालत जनकपुर-राजविराज इजलाशका न्यायाधिश बिमल प्रसाद सुवेदी र पूर्ण प्रसाद राजबंशीको संयुक्त इजलाशले बिहीबार अन्तिरिम आदेश जारि गरेको हो ।



'सम्बन्धित मन्त्रालय वा केन्द्रिय निकायले निज कर्मचारीको काज फिर्ता गरी सो स्थानमा अर्को निजामती कर्मचारी खटाई नपठाउञ्जेल निवेदक कर्मचारीलाई खटाईएको स्थानमा अहिले स्थानिय निकायका जनप्रतिनिधिसंग देखिएको असमझदारीका कारणले मात्र निजलाई कामकाज गर्नबाट बन्चित गर्ने गराउने कार्य प्रथम दृष्टिमा नै जायज र कान९ख्न्न सम्मत रहेको भनी मान्न नसकिने हुंदा निवेदक बिष्णु प्रसाद गुरुङलाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा नियमित काजकाज गर्न गराउन कुनै बाधा व्यवधान वा अवरोध नगर्नु गराउनु भनी विपक्षी कार्यबाहक नगरप्रमुख इसरत परबिन समेतका नाममा उच्च अदालत नियमावली २०७३ को नियम ४१(१) बमोजिम अन्तिरिम आदेश जारी गरी दिएको छ' उच्च अदालतले जारी गरेको आदेशमा भनिएको छ ।

यसअघि फागुन २ गते न्यायाधिश कौशलचन्द्र सुवेदीको एकल इजलासले फागुन ६ सम्मका लागि अल्पकालिन अन्तिरिम आदेश दिएका थिए भने फागुन ६ मा न्यायाधिश अर्जुन अधिकारी र कृष्णप्रसाद सुवेदीको संयुक्त इजलाशले फागुन १० सम्म त्यही आदेशलाई निरन्तरता दिएको थियो ।

आफूलाई गैरकानुनी ढंगले संघीय मामिला तथा सामान्य मन्त्रालय फिर्ता पठाउने निर्णय गरिएको भन्दै प्रमुख प्रशासकीय अधिकृत गुरुङले कार्यवाहक नगरप्रमुख इसरत परविनसहित राजविराज नगरपालिका कार्यालयलाई बिपक्षी बनाएर फागुन १ गते उच्च अदालत जनकपुर राजविराज इजलाशमा उत्प्रेशनको रिट दायर गरेका थिए ।

"संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा फिर्ता पठाउने मिति २०८० माघ १९ गतेको निर्णयसँग सम्बन्धित सक्कल

*बाँकी अन्तिम पृष्ठमा*

# लाखौं मूल्य बराबरको कुखुराको चल्ला नियन्त्रणमा लिई नष्ट

**दैनिक समाचारदाता**
**सिरहा, १० फागुन ।**

सशस्त्र प्रहरी बल सिरहाले भारतबाट अवैध रुपमा सिरहा तर्फ ल्याउँदै गरको लाखौं मूल्य बराबरको कुखुराको चल्ला नियन्त्रणमा लिई नष्ट गरिएको छ ।

भारतबाट केही तस्करहरुले अवैध रुपमा ल्याउँदै गरेको कुखुरा बरामद गरेको थियो । सशस्त्र प्रहरी बल सिरहा ७ न. गण बाट खटिएको टोलिले बिहिबार बिहान भारतबाट अवैध रुपमा म-प्र-०१-००१ज ००३५ नम्बर गाडी सहित चल्ला नियन्त्रण लिएको हो ।

करिब चार लाख २१ हजार बराबरको ७८ कार्टुन कुखुराको चल्ला बरामद गरि नष्ट गरिएको हो । त्यसैगरी दश लाख बराबरको सवारी साधन समेत प्रहरीले नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल माडरका डिएसपी राजु दहालले जानकारी दिए ।

बरामद गरिएको कुखुराको चल्लालाई सिरहा भन्सार कार्यालयका प्रतिनिधि, पशु क्वारेन्टाइन कार्यालयका प्रतिनिधि, स्थानीय, नेपाल प्रहरीका प्रतिनिधि लगायत सशस्त्र प्रहरी बल र पत्रकारको रोहवरमा पटेर्वाको कमला नदीमा खाल्डो खनेर पुरिएको सिरहाका गणपति शिव गैरेले बताएका छन भने गाडीलाई भन्सार कार्यालय माडरमा बुझाईएको छ ।

# नवनिर्वाचित पदाधिकारीहरूले लिए पद तथा गोपनियताको शपथ



निर्माण व्यवसायी संघ सप्तरीका निवर्तमान अध्यक्ष एनेश्वर दासको अध्यक्षतामा आयोजित समारोहमा निर्माण व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष रवि सिंह, उपाध्यक्ष केबी लामा, महासचिव रोशन दाहाल, कोषाध्यक्ष हिरण्य श्रेष्ठ, केन्द्रीय सदस्य नन्दकिशोर साह, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साहलगायतले नवनिर्वाचित कार्यसमितिलाई शुभकामना दिँदै गुणस्तरीय निर्माण विकास तथा निर्माण व्यवसायीको पेशागत हकहितमा प्रतिवद्ध रहने विश्वास व्यक्त गरे ।

**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन ।**

निर्माण व्यवसायी संघ सप्तरीका नवनिर्वाचित पदाधिकारीहरूले पद तथा गोपनियताको शपथ लिएका छन् । बिहिबार आयोजित एक समारोहबीच पद तथा गोपनियताको शपथ लिँदै पदभार ग्रहण समेत गरेका छन् ।

राजविराजस्थित निर्माण व्यवसायी संघ सप्तरीको सभा कक्षमा आयोजित समारोहमा नवनिर्वाचित अध्यक्ष सतिशचन्द्र झालाई निर्वाचन समितिका संयोजक रामअशिषप्रसाद साह स्वर्णकारले सपथ गराएका थिए । यस्तै अन्य पदाधिकारीलाई अध्यक्ष झाले पद तथा गोपनियताको शपथ ग्रहण गराए । सो अवसरमा महासंघका केन्द्रीय अध्यक्ष रबि सिंहले सबै निर्वाचित पदाधिकारीहरुलाई प्रमाणपत्र प्रदान गरे ।

गत माघ १३ गते सम्पन्न निर्वाचनमा संघको जिल्ला अध्यक्षमा सतिशचन्द्र झा, प्रथम उपाध्यक्षमा भुपेन्द्र यादव, द्वितीय उपाध्यक्षमा कैलाश प्रसाद देव, महासचिवमा अमृतलाल साह, सचिवमा प्रमोद कुमार मण्डल, कोषाध्यक्षमा दिवाकर सिंह र सहकोषाध्यक्षमा उमेश प्रसाद यादव निर्वाचित भएका थिए ।

यस्तै सदस्यहरूमा जगदीश अर्याल, प्रभाकर यादव, उदय श्रेष्ठ, मो. अनवर दफाली, बिजयकुमार रजक, कृष्णचन्द्र यादव, विष्णुप्रसाद देव, मुकेश कुमार यादव, रामचन्द्र यादव, निलेश कुमार झा, रंजित चौधरी, भुबनारायण यादव र उमाकान्त साह निर्वाचित भएका थिए । सो अवसरमा संघको स्थापना तथा निर्माण व्यवसायीहरूको पेशागत हकहित, संरक्षण र सम्बर्द्धनमा योगदान गरेबापत पुराना निर्माण व्यवसायी कामेश्वरलाल देव, जयप्रकाश ठाकुर, कैलाश प्रसाद यादव, अरुण प्रधान, नित्यानन्द सिंहलाई दोसल्ला र कदरपत्रबाट सम्मान गरिएको थियो ।

# ट्र्याक्टर दुर्घटनामा दुईको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, १० फागुन ।**

सर्लाहीको बरहथवामा बुधबार ट्र्याक्टर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन् ।

बरहथवा नगरपालिका-१५, प्रिपाभित्तास्थित बागमती नदीको नहरमा ट्र्याक्टर दुर्घटना हुँदा ट्र्याक्टर धनीसमेत रहेका चालक रौतहट जिल्लाको गढीमाई नगरपालिका-९ का ५५ वर्षीय जयलाल सहनी र सोही ठाउँका ५० वर्षीय रामनाथ सहनीको घटनास्थलमै मृत्यु भएको सर्लाहीका प्रहरी प्रवक्ता दिपेन्द्र पञ्जियार थारुले जानकारी दिएका छन् ।

रौतहटबाट सर्लाहीको हजरियातर्फ आएको ट्र्याक्टर अनियन्त्रित भई बागमती नदीको नहरमा खसेको प्रहरीले जनाएको छ । ट्र्याक्टरमा लेखिएको नम्बर प्रस्ट नभएको प्रहरीको भनाई छ ।

ट्र्याक्टर दुर्घटनामा गढीमाई नगरपालिका-९ बस्ने १२ वर्षीय किसन सहनी, ४८ वर्षीया गर्भी देवी, १७ वर्षीय आकाश सहनी, ४५ वर्षीय सुकल देवी, १६ वर्षीया अञ्चला कुमारी र १८ वर्षीया नितेश सहनी घाइते भएका छन् ।

गम्भीर घाइते आकाश र किसनको बीरगञ्जमा उपचार भइरहेको प्रहरीले जनाएको छ । अन्य घाइतेको रौतहटको गौर गरुडामा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

**वैदेशिक रोजगारमा पुगेपछि ध्यान दिनुपर्ने कुराहरु**

- आफू गएको देशको भाषा, संस्कृति र धर्मको सम्मान गरौं।
- स्वास्थ्य समस्या तथा दुर्घटनाको जोखिमबाट बच्न क्षमताभन्दा बढी काम नगरौं,
- काम गर्ने देशको ट्राफिक नियमको पालना गरौं,
- काम गर्ने देशका प्रचलन र कानूनको पालना गरौं,
- लहैलहैमा लागेर बन्द, हड्तालजस्ता क्रियाकलापमा सरिक नहोऔं,
- काम गर्ने मुलुकको कानूनले लैजान, खान र बिक्री गर्न नपाइने वस्तुका विषयमा जानकारी राखौं,

**याद राखौः**

- आफखुसी काम छाड्दा वा कम्पनीबाट भाग्दा अवैधानिक र असुरक्षित भई सजायको भागिदार हुने तथा पाउनुपर्ने सेवा, सुविधा र अधिकारबाट बञ्चित हुने भएकोले त्यस्ता कार्य नगरौं।

कुनै समस्या परे नजिकको नेपाली दूतावास, सरकारी निकाय, संघ/संस्था वा आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### नगरलाई व्यवस्थित गर

समयअनुकुल अझै राजविराज नगरपालिका व्यवस्थित हुन सकेको छैन् । मुख्य बजार क्षेत्रमा छाडा पशुको आवागमन, अव्यवस्थित ट्राफिक व्यवस्था, फोहर मैला व्यवस्थापन, सडक तथा पेटी अतिक्रमण, जथाभावी होर्डिङ बोर्ड लगायतका समस्या यथावत नै रहेको छ । यी समस्याहरु नयाँ नभएर पुरानै हो । यही समस्यालाई समाधानका लागि नगरपालिकाले प्रत्येक वर्ष प्राथमिकतामा राख्ने गरेको छ । तर कहिले पनि काम हुँदैन् ।

यी समस्या बाहेक अहिले ठूलो समस्या शौचालयको रहेको छ । शौचालयको अभावमा नगरको खुल्ला स्थान तथा सडक पेटी छेउमै शौच गरिएको देखिन्छ । जिल्ला नै खुल्ला दिसा मुक्त घोषणा भइसक्दा पनि यो समस्या अझै समाधान हुन सकेको छैन् । यो त केही जल्दोबल्दो समस्या हो । नगरको विकास हुनु अत्यन्त सकारात्मक हो । तर, विकासको नाममा गणुस्तरहीन कार्य गर्नु भनेको भ्रष्टाचार हो । यी कुराहरुमा नगरपालिकासँग सम्बद्ध सबैले गम्भिरतापूर्वक मनन् गर्न आवश्यक छ । नगरपालिका अहिले आफै आन्तरिक द्वन्दमा फसेको छ । तर, आफ्नो आन्तरिक समस्यालाई कार्यालय बाहिर उजागर नगरि जनताको समस्यालाई सम्बोधन गनेतर्फ आग्ररिता देखाउनु पनि उत्तिकै जिम्मेवार हुनुपर्छ ।

तसर्थ मुलुककै सबैभन्दा पुरानो नगरपालिकालाई व्यवस्थित गरि नमूना नगरपालिकाको रुपमा विकसित गर्न यहाँका जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवाला निकायले गम्भिरतापूर्वक चासो देखाउनु उत्तिकै जरुरी छ । होइन भने आफुखुशी काम गर्दै जाने हो भने उपलब्धी भने शुन्य हुदै जाने कुरामा दुईमत नहोला ।

# जिब्रोको स्वाद र मोटोपनको समस्या

**डा अरुणा उप्रेती**

काठमाडौँ, १० फागुन (रासस) ।

दुई वर्षअघि एक पत्रकार साथीलाई भेट्दा मैले भनेको थिएँ "तपाईं निकै मोटाउनुभएको छ, भुँडी पनि निकै बढेको छ, यसले त स्वास्थ्यलाई खतरा हुन्छ है ।" उनले त्यो बेला भनेका थिए, "तौल घटाउन कोशिस गर्दैछु ।" केही दिनअघि उनीसँग पुनः जम्काभेट भयो । उनको अगाडि आएको ठूलो भुँडी त स्याप्पै घटेछ, उनको उमेर नै पाँच/सात वर्ष कम भए जस्तो देखिन्थ्यो र भनें "तपाईंले त के चमत्कार गर्नुभयो यस्तो । निकै राम्रो स्वास्थ्य भएछ नि ! कतै गएर पेटको शल्यक्रिया गरेर आउनु भएको त होइन ?"

ठट्टा गरेर भनेको यो प्रश्नलाई, उनले गम्भीर भएर जवाफ दिए "होइन होइन, मैले मेरो भुँडी वरिपरिको १५ केजी त योग, हिँडाइ र खानामा कमी गरेर घटाएको हुँ । दुब्लोबाट मोटो हुन त सजिलो हुँदोरहेछ तर एकचोटी बोसो लागेपछि त घट्न पो गाह्रो हुने रहेछ । जब मैले अनुभव गरें कि मेरो लुगाहरु त कसिएर लगाउनै नहुने भए, अलिकता हिँड्दा स्वाँ स्वाँ हुन थाल्यो । अनि त तौल घटाउने निर्णय गरेर कसिएर लागेपछि सफल पनि भएँ ।"

त्यसैगरी नक्सालकी पारु श्रेष्ठ (३३ वर्षिय) ले पनि आफ्नो तौल ७५ केजीबाट ६० केजी (१० महिनाभित्र) झारेकी थिइन् । उनी विवाहअघि ५६ केजी थिइन् । अग्ली, पातली पारु सुन्दर देखिन्थिन् तर विवाहपछि उनको खाने क्रम बढ्न थाल्यो । एक बच्चा पाएपछि त झन् चाकु, घिउ, मासु, अण्डा आदिले गर्दा उनको जिउ त फैलिदै गयो । उनका बुबा ३० वर्ष नपुदै मधुमेहले बित्नुभएको थियो । आमा र बहिनी दुवै मधुमेहको औषधि खाने गरेका छन् ।

पारुलाई भनें, "पारुजी तपाईं त होशियार हुनुपर्छ है । तपाईंको परिवारमा निकै समस्या छ । तपाई यसरी नै मोटाउनु भयो भने तपाईंलाई पनि ती समस्या आउन सक्छ । तपाईंको सानो छोरो छ । अन्तर्राष्ट्रिय संस्थामा काम गरिरहनु भएको छ । अगाडि त्यति ठूलो भविष्य छ, स्वास्थ्य नै नराम्रो भएपछि त जति काम गर्न सक्ने हो त्यति गर्न सकिन्न । त्यो बाहेक जति पैसा भए पनि तपाईंले त्यसको प्रयोग आनन्दपूर्वक गर्न पाउनु हुन्न ।"

"के गर्नु मलाई त कस्तो भोक लाग्छ, फेरी चकलेट देखेपछि त मन नै थाम्न सकिन्न । मेरो अफिसको दराजमा पनि थरिथरिका चकलेट छन् । यताउती गम्भइरी यो हात त त्यसैमा जान्छ" पारुले भनेकी थिइन् । पारुले उनको शरिरमा ध्यान दिनुपर्छ र खाना कम गर्नुपर्छ भनेर मैले धेरैचोटी भनेपछि एकदिन मलाई खुशी भएर भनिन् "मलाई तौल कम गराउने संस्थाले आउनु भनेको छ । उनीहरुले रु ४० हजारमा ग्यारेन्टीका साथ तौल कम गराउँछन् रे दुई हप्तामा । उनीहरुले खाने कुराको चार्ट पनि दिन्छन् रे । केही औषधि पनि दिन्छन् रे ।"

पारुको खुशीलाई काट्दै मैले भनें "पारुजी त्यसरी ग्यारेन्टीका साथ तौल कम गर्ने कसैले भन्छ भने, त्यो त सोह्रैआना ठग हो । त्यस्तो कुनै औषधि छैन, जसले जादुको छडीले झैं तपाईंको तौल कम गराओस् । त्यसरी औषधि प्रयोग गरेर तौल घट्ने भए त अमेरिकाका त्यतिका मानिसले घटाउँथे होलान् नि । त्यसरी एकैचोटी तौल घटाउने क्रियालाई त्याग्नोस् र खानेकुरा कम गर्नोस् । कोदो, फापर, गहुँको च्याँख्ला आदिको प्रयोग बढी गर्नुस् । चकलेट धेरै नखानोस् र मुख्य कुरा पानी खाने र व्यायाम गर्नुस् ।"

पारुजीलाई कोदो र फापर स्वादिष्ट तरिकाले बनाएर पनि खान सकिन्छ भनेर एकदिन त घरमै बोलाएर ख्वाउनु पर्‍यो । "कोदो र फापर त मीठो पो हुँदो रहेछ", रोटीसँग गोलभेँडा अचार डुबाएर खाँदै उनले भनेकी थिइन् । त्यसपछि उनले कोदो र फापरलाई आफ्नो दैनिक भोजनका अङ्ग बनाइन् । हरियो तरकारी र टुसा उमारेको तरकारी चाँही अफिसमा लैजान थालिन् । बिहान उठेर व्यायाम गर्न थालिन् । दुई महिनापछि त उनको तौल पाँच केजी कम भयो । उनको अनुहारको छालमा चमक आयो । त्यसपछि त्यति क्रम अगाडि बढाउँदै गएपछि अर्को छ महिनामा उनको तौल १० केजी कम भयो । सबैबाट धेरै प्रशंसा पाएपछि पारुले मलाई भनिन् "तपाईंले मेरो रु ४० हजार त बचाउनु भयो नै, मलाई जीवनभरको ज्ञान दिनु भयो ।"

मेरा कति डाक्टर साथीहरु त्यसमाथि पनि मोटोपन कम गर्नु पर्छ भनेर बिरामीलाई सिकाउने डाक्टर साथीहरु त कस्ता मोटामोटा छन् । रक्तचाप र मधुमेहको बिरामी छन् तर न उनीहरु खाना छोड्न सक्छन् न त योग गर्छन् । बरु समयसमयमा आफ्नो ठूलो भुँडी मसार्छन् र मीठो हाँसो हाँस्छन् । मेरो कुरा सुनेर पारु मरिमरि हाँसिन् र भनिन् "तपाईंका डाक्टर साथीहरुलाई सायद तपाईंको कुरा अझै पुगेको छैन ।"

प्रायः मानिसहरुलाई मोटोपनबाट छुटकारा पाउन निकै गाह्रो हुन्छ किनभने खाना खाएर, मज्जासँग सुतेर, तेल र मसला हालेको मासु खाएर, बियर पिएपछि तौल जति मज्जासँग बढ्छ । त्यति नै मज्जासँग घटाउन गाह्रो हुन्छ किनभने त्यस्तो खानेकुरा खाने मासिसलाई खान्न भन्न साह्रै गाह्रो हुन्छ । साथै व्यायाम, योग त झनै गाह्रो हुन्छ किनभने त्यसको लागि त कडा अनुशासन चाहिन्छ । बियर, मासु र तारेको आलुका स्वाद त जिब्रोमा यसरी बसेको हुन्छ कि त्यसको अगाडि पछि हुने दुःखाई पनि बिर्सिन्छ ।

मेरा एकजना मित्र छन् । उनलाई गाउटको छ । समयसमयमा उनलाई यस्तो दुःख्छ कि उनी घुँडामा हात राखेर खुट्टा खोच्याउँदै हिँड्छन् । एकचोटी त गाउटले यस्तो चिसो पानीमा डुबाएर बस्नु परेको थियो रे तर बियर देखेपछि त कसोकसो मन चञ्चल भइहाल्छ । कतिपय मानिस यस्तै खाना र बियरबाट हुने मोटोपनको कारण उच्च रक्तचापको भई 'पक्षघात' भएपछि पनि रक्सी, मासु, तेल हालेको खान छोड्दैनन् । बिस्तारै आत्महत्या गरिरहेका हुन्छन् । पुरुषहरु मात्र होइन, महिलाहरु पनि जिब्रोलाई तह लगाउन नसक्दा मोटोपनको कारणले गर्दा हुने समस्याले ग्रस्त हुन्छन् ।

एक संस्थामा कार्यरत शर्मिला नाकी महिला मेरो घरमा आएकी थिइन् घुँडा दुख्ने समस्यामा केही योगासन सिक्न सकिन्छ कि भनेर । मैले उनलाई भनेकी थिएँ "शर्मिला योगासन र व्यायामले सँगै तिम्रो खानेकुरा पनि परिवर्तत गर्नुपर्छ ।" असी केजीकी शर्मिलाले "लौन के के खाने सिकाइदिनुस् न" भन्दा मैले घरमा कोदो र फापरको रोटी र सुप बनाएर प्लेटमा राखेर खान दिँदा उनले भनिन् "यस्तो कोदो र फापर त हाम्रो घरमा कुकुरले पो खान्छ" । शर्मिलाको कुराले हाँस त उठ्यो तर दुःख पनि लाग्यो ।

घुँडा दुखेर कसरी तौल कम गर्ने भनेर छलफल गर्न आएकी शर्मिलाको तौल दुई वर्षपछि पनि घटेको छैन । अहिले त उनलाई उच्च रक्तचाप भएको छ । घुँडाको दुखाइले गर्दा धेरै हिँड्न सक्दिनन् । उनलाई खानाको विषयमा चाँही भन्न छोडिसकेको छु । जबसम्म कसैलाई मनबाट नै तौल घटाउँछु भनेर लागेको छैन भने अरुले जति भने पनि लाग्दैन ।

मेरा एक जना आफन्तलाई झण्डै १५ वर्षअघि नै डाक्टरले तौल घटाउन भात र आलु कम गर्न सल्लाह दिँदा बरु मर्छु तर आलु त खान छोड्न सक्दिनँ भनेका थिए । उनको त्यो बानीले उनलाई उच्च रक्तचाप र मधुमेहको रोगी त बनायो नै, एकचोटी झण्डै पक्षघात नै भएको थियो । अहिले उनको स्वास्थ्य त ठिक छ तर उनको खानाबाट आलु चिनी, भात त गायब भएको छ । कोदो, फापर, चिनी नहालेको दूध र हरियो तरकारी उनको खाना बनेको छ । उनी अहिले बिहान एक घण्टा हिँड्छन् पनि । उनले सिके खाना कसरी खाने, हिँड्ने किन भनेर तर धेरै चर्को मूल्य तिरेर ।

हामीहरुमध्ये सायद धेरै जनाले त्यसरी नै सिक्नेछौं । मध्यम वर्गीय परिवारमा मात्र होइन, गाउँका मानिसहरुमा पनि विभिन्न किसिमका चाउचाउ चिप्स आदिले गर्दा मोटोपनको समस्या बढ्न थालेको छ । मोटोपनको समस्याले गर्दा हुने समस्याले जीवनको धेरै क्षेत्रमा प्रभाव पार्छ । अकालमै मृत्युको मुखमा पुर्‍याउँछ भन्ने जान्दाजान्दै पनि मानिसले किन जिब्रोको स्वाद रोक्न नसकेको होला ? *(लेखक जनस्वास्थ्यविद् हुनुहुन्छ)*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सात महिनामा आठ खर्बभन्दा बढी व्यापार घाटा

काठमाडौँ, १० फागुन (रासस) ।

चालु आर्थिक वर्ष २०८०/८१ को सुरुआती सात महिना अवधिमा मुलुकले कुल रू नौ खर्ब ८४ अर्ब ७७ करोडको वैदेशिक व्यापार गर्दा रू आठ खर्ब ११ अर्ब ११ करोड बराबरको घाटा व्यहोरेको छ ।

भन्सार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको सात महिना अवधिको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार माघ मसान्तसम्ममा रू आठ खर्ब ९७ अर्ब ९४ करोड ३९ लाख बराबरको आयात भएको छ भने रू ८६ अर्ब ८३ करोड नौ लाख १२ हजार बराबरको मात्रै निर्यात भएको छ ।

गत आवको सुरुआती सात महिना अवधिको तुलनामा चालु आवको सोही अवधिमा आयात दुई दशमलव ३१ र निर्यात सात दशमलव ०७ प्रतिशतले घटेको छ । गत वर्षको तुलनामा समग्र व्यापार दुई दशमलव ७५ प्रतिशतले घट्दा व्यापार घाटा पनि एक दशमलव ७७ प्रतिशतले घटेको भन्सार विभागले जनाएको छ ।

नेपालले सबैभन्दा ठूलो वैदेशिक व्यापार गर्ने मुलुक भारत हो । भारतसँग रू पाँच खर्ब ५४ अर्ब ७५ करोड ८८ लाखको आयात गर्दा रू ५८ अर्ब ७२ करोड २७ लाखको मात्रै निर्यात भएको छ । अर्थात् चालु आवको सात महिना अवधिमा भारतसँग मात्र नेपालले रू चार खर्ब ९६ अर्ब तीन करोड ६० लाख व्यापारघाटा व्यहोरेको छ ।

त्यस्तै, दोस्रो ठूलो वैदेशिक व्यापार रहेको मुलुक चीनसँग नेपालले रू एक खर्ब ७१ अर्ब २३ करोड ६३ लाख बराबर व्यापार घाटा व्यहोरेको छ । माघ मसान्तसम्ममा चीनबाट रू एक खर्ब ७३ अर्ब नौ करोड ११ लाख बराबरको मालवस्तु आयात हुँदा रू एक अर्ब ८५

बाँकी तीन पृष्ठमा

# लघुवित्त र मिटरब्याजपीडितलाई न्याय दिन सदनमा माग

काठमाडौँ, १० फागुन (रासस)।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरूले लघुवित्त र मिटरब्याजपीडितहरु पुनःआन्दोलित भएकाले उनीहरूका माग सम्बोधन गरी न्याय दिन आवाज उठाउनुभएको छ।

बैठकको विशेष समयमा राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद् रोशन कार्कीले मिटरब्याजपीडितहरु धेरै दिनको यात्रा गरेर न्यायको खोजीमा काठमाडौँ आएकाले तिनलाई न्याय दिन आग्रह गर्नुभयो।

नेकपा (एमाले)का सांसद सुनिता बरालले पीडित नागरिक आफ्ना माग बोकेर सरकारलाई सुनाउन हप्तौं हिँडेर काठमाडौँ आउनु दुःखको कुरा भएको बताउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद नारायणी शर्माले गुठी, वन, विद्यालयलगायत विभिन्न खालका जमिनमा जनताले भोगचलन गर्दै आएकाले उनीहरूले आफ्नो जग्गाको जग्गाधनीपुर्जा लिन नपाएको बताउनुभयो। उहाँले सङ्क्रमणकालीन न्यायका विषयलाई पनि छिटो टुङ्गो लगाउन माग गर्नुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा तोसिमा कार्कीले बिरामीले कुन अस्पतालमा राम्रो उपचार पाउँछ भनेर तड्पिनुपर्ने र पाँच गुणासम्म बढी महँगो शुल्क तिनुपर्ने अवस्था रहेको बताउँदै आम नागरिक अस्पतालमा उपचार र खर्च नपाएर बन्धक भएकाले स्वास्थ्य संस्थालाई वर्गीकृत आधारमा शुल्क निर्धारण गरेर सेवा दिन माग गर्नुभयो।

जनता समाजवादी पार्टीका सांसद रेखा यादवले विराट जुटमिलमा आगलागी हुँदा धेरै क्षति भएको भएकाले उचित क्षतिपूर्ति दिन आग्रह गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का नेता मेटमणि चौधरीले भूमिहीन किसानले उपभोग गर्दै आएको जग्गा सरकारी निकाय र मन्दिरका नाममा राखिएकामा चासो व्यक्त गर्नुभयो।

जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त राउतले गठबन्धनका बैठकमा विपक्षीलाई कसरी प्रतिरोध गर्नेभन्दा पनि कसरी देश बनाउने भन्ने विषयमा छलफल हुनुपर्नेमा जोड दिनुभयो।

नागरिक उन्मुक्ति पार्टीका गङ्गाराम चौधरी, नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल, आम जनता पार्टीका प्रभु साह, सांसद डा अमरेशकुमार सिंहलगायत उक्त विशेष समयमा समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो।

---

*सात महिनामा ...*

करोड ४८ लाख बराबरको निर्यात भएको छ।

नेपालले उच्च व्यापार घाटा व्यहोर्ने मुलुकको सूचीमा तेस्रो नम्बरमा संयुक्त अरब इमिरेट्स रहेको छ। चालु आवको सात महिना अवधिमा संयुक्त अरब इमिरेट्ससँग रू १५ अर्ब ६९ करोड ५४ लाखको आयात र रु एक अर्ब ५८ करोड ३३ लाख बराबरको निर्यात भएको छ। यो मुलुकसँगको व्यापार घाटा रू १४ अर्ब ११ करोड २० लाख छ।

नेपालले वैदेशिक व्यापार गर्ने मुलुकहरुमध्ये सबैभन्दा बढी व्यापार नाफा संयुक्त राज्य अमेरिकासँग रहेको छ। सात महिना अवधिमा अमेरिकाबाट रू नौ अर्ब १७ करोड ५८ लाख बराबरको वस्तु आयात हुँदा नेपालबाट रू नौ अर्ब ५४ करोड छ लाख बराबरको निर्यात भएको छ। अर्थात् समीक्षा अवधिमा अमेरिकासँगको नेपालको व्यापार नाफा रू ३६ करोड ४७ लाख बराबर छ। डेनमार्क, नर्वे, अफगानस्तान, माल्दिभ्सलगायत मुलुकसँग पनि नेपालको व्यापार नाफामा छ।

चालु आवको सुरुआती सात महिना अवधिमा सबैभन्दा धेरै पेट्रोलियम पदार्थको आयात भएको छ। यो अवधिमा रू ७७ अर्ब ४१ करोड ९८ लाख बराबरको डिजेल, रू ३८ अर्ब ८२ करोड ६३ लाख बराबरको पेट्रोल र रू ३० अर्ब ३१ करोड २४ लाख बराबरको एलपी ग्याँस आयात भएको छ। त्यस्तै, फलामजन्य सामग्री रू २२ अर्ब ६६ करोड, रू १७ अर्ब ३८ करोड ३६ लाख बराबरको स्मार्टफोन आयात भएको भन्सार विभागले जनाएको छ।

---

**डाक्नेश्वरी नगरपालिका**

**Dakneshwori Municipality**

**नगर कार्यपालिकाको कार्यालय**

**Office of the Municipal Executive**

पातो, सप्तरी

Pato, Saptari

website: dakneshworimun.gov.np
email: info@dakneshworimun.gov.np

मधेश प्रदेश, नेपाल

Madhesh Province, Nepal

प.स.: २०८०/०८१

मिति: २०८०।११।१०

च.नं. ११२८

**विषयः नगर प्रहरीको ड्रेस लगायत अन्य सरसमान शिलबन्दी दररेट पेश गर्ने सम्बन्धी सूचना।**

श्री सम्पूर्ण इजाजतप्राप्त फर्म/सप्लायर्सहरु।

उपरोक्त सम्बन्धमा यस डाक्नेश्वरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालयलाई आ.ब. २०८०/०८१ को लागि तपसिलमा उल्लेखित नगर प्रहरीहरुको ड्रेस लगायत अन्य सामानहरुको दररेट निर्धारण गरी सामान खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्रति एकाई दर रेट खुलाई खाम शिलबन्दी गरी यस कार्यालयको जिन्शी शाखामा बुझाउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**सामानहरुको सूची**

| क्र.सं. | सामानको नाम | स्पेशिफिकेशन | एकाई | दररेट (रु.) | अक्षरेपी रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | नगर प्रहरी चुस्ता ड्रेस | आर्मी १ नं. ड्रेस फ्रेब्रिक | सेट | | | |
| २. | बेल्ट | नाईलन | थान | | | |
| ३. | सिटी कार्ड र सिटी | नाईलन | सेट | | | |
| ४. | डि.एम.एस. सुज (जुत्ता) | पि.वि.सि. सोल जग्रेन, सि.जी. छाला | सेट | | | |
| ५. | मौजा (जुराफ) | Black Blue कटन | जोडी | | | |

**महत्वपूर्ण नोट:**

१. आ.ब. २०७९/०८० सम्म फर्मको कर चुक्ता भएको हुनुपर्नेछ। IRD वेबसाइटमा फर्म खोजी गर्दा Active भएको हुनुपर्नेछ।

२. प्यानमा उल्लेख गरिएको कारेबारको आधारमा यस सूचनामा मिल्ने शीर्षकको दर रेट मात्र पेश गर्नुपर्ने छ। उदाहरणको लागि प्यानमा स्टेशनरी कारोबार मात्र उल्लेख गरिएको फर्मले स्टेशनरी सम्बन्धी सामानको दर रेट मात्र उल्लेख गर्नुहोला।

३. आ.ब. २०८०/०८१ भित्र कार्यालयलाई आवश्यक परेको खण्डमा यहाँले उल्लेख गरेको दर रेटको आधारमा सामान सप्लाई गर्नुपर्नेछ

४. मु.अ.कर बाहेक दररेट उल्लेख गर्नुपर्नेछ।

५. यस कार्यालयमा सप्लाय फर्मलाई अनिवार्य रुपमा सूची दर्ता गर्नुपर्नेछ साथै। व्यवसाय दर्ता लिएको तथा व्यवसाय दर्ता भएमा सो को नवीकरण गरेको हुनुपर्नेछ।

६. यस सूचना तालिकामा उल्लेख भए अनुसार दर रेट उल्लेख गरेर कैफियतको महलमा सामानको कम्पनीको नाम भर्नु होला साथै पछाडी पानामा फर्मको छाप तथा हस्ताक्षर सहित खाम बन्दी गरेर जिन्सी शाखामा पेश गर्नुपर्नेछ।

७. दररेट सँगै नमूना (Sample) को रुपमा एक-एक थान उपलब्ध गराउनु पर्नेछ।

**बोधार्थ:**

(१) सूचना तथा प्रविधि शाखा
डाक्नेश्वरी नगरपालिकाको वेबसाइट तथा आधिकारीक फेसबुक पेजमा अपलोड गर्नुहुन।

(२) नगर प्रमुखको सचिवालय - जानकारीको लागि

कुन्दन कुमार कर्ण
प्रमुख प्रशासकीय अधिकृत

---

## विश्व समाचार

### भारतमा किसानमाथि प्रहरी कारवाहीमा एकको मृत्यु

नयाँदिल्ली, १० फागुन (रासस/सिन्ह्वा)।

भारतको उत्तरी राज्य हरियाणामा बुधबार आन्दोलित किसानहरूमाथि प्रहरीले रबरको गोली र अश्रु ग्यास प्रहार गर्दा एक युवा किसानको मृत्यु भएको र अन्य केही घाइते भएको अधिकारीहरूले बताएका छन्।

किसानको मृत्यु राष्ट्रिय राजधानी नयाँदिल्लीबाट करिब एक सय २१ किलोमिटर टाढा पञ्जाब र हरियाणाको बीच सीमाविन्दु खनौरीमा भएको हो। प्रहरीका अनुसार २० वर्षीय शुभकरण सिंह प्रहरी कारवाहीमा मारिएका हुन्। यद्यपि हरियाणा प्रहरीले उक्त आरोपलाई अस्वीकार गरेको छ।

“खनौरीबाट तीन जना बिरामी हामीसँग आएका छन्, तिनीहरूमा एक जनाको यहाँ आइपुग्दा मृत्यु भएको छ, गोली लागेको जस्तो देखिएका अन्य दुईको अवस्था गम्भीर छ तर यसको पुष्टि गर्न सकिँदैन”, पटियालाका राजेन्द्र अस्पतालका वरिष्ठ चिकित्सा अधिकारी रेखीलाई उद्धृत गर्दै भनिएको छ, “यहाँ आइपुग्दा मरिसकेका व्यक्तिको टाउकोमा गोली लागेको थियो तर गोलीको आकारजस्तो अधिक जानकारीको पुष्टि शव परीक्षणपछि मात्र थाहा हुनसक्छ।”

पञ्जाबका मुख्यमन्त्री भगवन्त मानले पनि मृत्युको पुष्टि गर्नुभयो। प्रहरीले किसानको आन्दोलन रोक्नका लागि अम्बाला जिल्ला नजिकै अर्को सीमा विन्दु शम्भूमा अश्रु ग्याससहित रबरको गोली चलाएको छ।

कस्जारी विरोध प्रदर्शन अन्त्य गर्ने प्रस्तावका रूपमा आगामी पाँच वर्षका लागि न्यूनतमा सुरक्षा मूल्यमा किसानबाट दाल, मकै र कपासको बाली खरिद गर्ने सरकारको प्रस्तावलाई अस्वीकार गरेपछि किसानहरूले बुधबार नयाँदिल्लीमा पुनः आन्दोलन सुरु गरेका छन्।

भारतको सङ्घीय सरकारले बुधबार किसानहरूलाई शान्ति कायम राख्न आग्रह गर्दै समाधानका लागि पाँचौं चरणको वार्ता गर्न तयार रहेको जनाएको छ।

भारतमा यसै वर्ष आसन्न आम निर्वाचन र प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो कार्यकालको अवसर खोजिरहेका बेला किसानहरूको विरोध प्रदर्शन चलिरहेको छ।

### पूर्वी अफगानिस्तानमा दुई जनालाई सार्वजनिकरूपमा मृत्युदण्ड

गजनी (अफगानिस्तान), १० फागुन (रासस/एएफपी)।

पूर्वी अफगानिस्तानको एउटा फुटबल रङ्गशालामा बिहीबार दुई व्यक्तिलाई सार्वजनिकरूपमा मृत्युदण्ड दिइने थियो। तालिबान सत्तामा फर्केपछिको यो तेस्रो र चौथो मृत्युदण्डको सजाय हो।

गजनी प्रान्तका सूचना तथा संस्कृति विभागले एक सार्वजनिक सूचनामा ‘आँखाको बदला आँखा’ सरहको किसास सजायको मृत्युदण्ड भएको बताएको छ। यद्यपि प्रारम्भमा कैदी वा उनीहरूको अपराधका बारेमा विवरण दिइएको थिएन।

सन् १९९६ देखि सन् २००१ सम्म तालिबानको पहिलो शासनको समयमा सार्वजनिक मृत्युदण्ड सामान्य थियो। सन् २०२१ अगस्टमा सत्तामा फिर्ता भएपछि तालिबानले अन्य दुई जनालाई मात्र मृत्युदण्ड दिएको छ। दुवै मृत्युदण्ड हत्याको अपराधका लागि थिए।

चोरी, व्यभिचार र मदिरा सेवनसहित अन्य अपराधहरूका लागि नियमितरूपमा सार्वजनिकरूपमा कोर्रा हान्ने सजाय दिइने गरिएको छ। तालिबानका सर्वोच्च नेता हिबतुल्लाह अखुन्दजादाले गत वर्ष न्यायाधीशहरूलाई शरियाका सबै पक्षहरू पूर्णरूपमा कार्यान्वयन गर्न आदेश दिनुभएको थियो। यसमा किसासको सजाय पनि सामेल छ।

अन्तिमपटक सन् २०२३ जुनमा मृत्युदण्ड दिइएको थियो। एक दोषी हत्यारालाई करिब दुई हजार मानिसको अगाडि लघमान प्रान्तको मस्जिदको मैदानमा गोली हानी मारिएको थियो।

### मध्य गाजाको नुसिरात शरणार्थी शिविरमा इजरायली आक्रमणमा १७ को मृत्यु

गाजा, १० फागुन (रासस/सिन्ह्वा)।

मध्य गाजापट्टीको नुसिरात शरणार्थी शिरिमा एक घरमा इजराइलले पुनः गरेको हवाई आक्रमणमा कम्तीमा १७ प्यालेस्टिनी मारिएको र अन्य ३४ जना घाइते भएको स्थानीय चिकित्सा स्रोतले बताएको छ।

स्रोतले उद्धार प्रयास जारी रहेको र हताहत हुनेमा महिला र बालबालिका पनि रहेको बताएको छ। पीडितहरूलाई देइर अल-बलाह सहरको अल-अक्सा शहीद अस्पतालमा सारिएको छ।

प्रत्यक्षदर्शीहरूले एक इजराइली युद्धक विमानले धेरै विस्थापित परिवारलाई आश्रय दिइरहेको घरमा अनेकौं मिसाइल प्रहार गरेको बताएका छन्। ठूलो विस्फोटबाट भवन ध्वस्त भएको र शिविरको पश्चिमी भागमा छिमेकीको घरमा गम्भीर क्षति पुगेको छ।

यसैबीच हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले बुधबार विज्ञप्ति जारी गर्दै गाजापट्टीमा इजराइली आक्रमणमा मर्ने प्यालेस्टिनीहरूको सङ्ख्या बढेर २९ हजार तीन सय १३ पुगेको र ६९ हजार तीन सय ३३ जना घाइते भएको जनाएको छ।

# कार्यसम्पादन मूल्याङ्कनमा भरतपुर नगरपालिका उत्कृष्ट

चितवन, १० फागुन (रासस)।
कार्यसम्पादन मूल्याङ्कनमा भरतपुर महानगरपालिका उत्कृष्ट पालिका घोषित भएको छ। देशभरिका अन्य छ महानगरपालिकाभन्दा भरतपुर उत्कृष्ट भएको हो। प्राकृतिक स्रोत तथा वित्त आयोगले गत आर्थिक वर्ष २०७९/८० मा गरेको कार्य सम्पादन मूल्याङ्कनमा भरतपुर महानगर नै पहिलो भएको थियो।

आगामी आव २०८१/८२ मा सङ्घीय सरकारबाट प्रदेश र स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदानको प्रयोजनका लागि आयोगले १७ वटा सूचकका आधारमा प्रदेशको मूल्याङ्कन गरेको छ।

आयोगले पालिकाले गरेको खर्च, बेरुजु, लेखा परीक्षणले औँल्याएको बेरुजु, स्थानीय सञ्चित कोष व्यवस्था प्रणालीको प्रयोग, आवधिक योजना गरे/नगरेको, राजस्वको विभाजन गरे/नगरेको लगायतका सूचकमा मूल्याङ्कन गर्ने गरेको महानगरपालिकाका आर्थिक प्रशासन महाशाखा प्रमुख जगन्नाथ अर्यालले जानकारी दिनुभयो।

असार १० भित्र बजेट ल्याए/नल्याएको, असार ३० भित्र बजेट पास गरे/नगरेको, घरजग्गा रजिष्ट्रेसन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करबापत उठेको रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई मासिकरूपमा दिए/नदिएकोलगायत आधारमा मूल्याङ्कन गरिन्छ।

आयोग संवैधानिक निकाय हो। सङ्घीयतामा सङ्घ, प्रदेश र स्थानीय तहहरूको राजस्व बाँडफाँड, अन्तरतह वित्तीय हस्तान्तरण, आन्तरिक ऋण सीमा तथा समग्रमा आर्थिक स्थायित्वको काम आयोगले गर्दै आएको छ। स्थानीय तहलाई एकमुष्टरूपमा समानीकरण अनुदान दिन आधारहरू तयार गरेर मूल्याङ्कन गर्ने गर्छ। आयोगले विशेष गरेर लेखा प्रणाली र आर्थिक प्रणालीसँग जोडिएर मूल्याङ्कन गरी नतिजा प्रकाशित गर्छ। आयोगले दिएको जानकारीअनुसार भरतपुरले ५६ दशमलव २९ प्रतिशत अङ्क प्राप्त गरेको अर्यालले बताउनुभयो।

काठमाडौँ महानगरपालिकाले ३९ दशमलव ०२, वीरगञ्ज महानगरपालिकाले ३३ दशमलव ४९, विराटनगर महानगरपालिकाले ३२ दशमलव ८५, ललितपुर महानगरपालिकाले २५ दशमलव १८ र पोखरा महानगरपालिकाले २० दशमलव ७४ प्रतिशत अङ्क पाएका छन्।

जिल्लाका सात स्थानीय तहमध्येमा पनि भरतपुर पहिलो भएको छ। भरतपुरले ५६ दशमलव २९ प्रतिशत अङ्क पाउँदा इच्छाकामना गाउँपालिकाले ४२ दशमलव ०६ प्रतिशत, खैरहनी नगरपालिकाले ४० दशमलव ५१ प्रतिशत, रत्ननगर नगरपालिकाले ४० दशमलव ०१ प्रतिशत, कालिका नगरपालिकाले ३५ दशमलव ६८ प्रतिशत, राप्ती नगरपालिकाले ३१ दशमलव ७५ प्रतिशत र माडी नगरपालिकाले २६ दशमलव २० प्रतिशत अङ्क पाएका छन्।

भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले आयोगले अध्ययन सुरु गरेपछि सधैँ भरतपुर महानगरपालिका अन्य महानगरपालिकाभन्दा अगाडि रहेको बताउनुभयो।

गत वर्ष पनि महानगरले प्रथम स्थान हासिल गरेको र अहिले पनि यो कायम राखेकामा खुसी व्यक्त गर्नुभयो। महानगरपालिकाले नेपाल सरकारले गर्ने मूल्याङ्कनमा सधैँ उत्कृष्ट राख्दै नयाँ रेकर्ड पनि कायम गर्दै आएको छ। देशभरका सात सय ५३ पालिकामध्ये भरतपुर महानगरले सहरी पूर्वाधार, खेलकुद, न्यायिक समितिमार्फत मुद्दा फछ्र्यौटलगायत विषयमा सधैँ उत्कृष्ट बन्दै आइरहेको छ।

# कांग्रेस महासमिति बैठकमा हिन्दू राष्ट्रसम्बन्धी प्रस्ताव पेश

ललितपुर, १० फागुन (रासस)।
नेपाली कांग्रेसको जारी महासमिति बैठकमा धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन हिन्दू राष्ट्र नेपाल निर्माणसम्बन्धी प्रस्ताव पेश भएको छ।

फागुन ७ गतेदेखि जारी बैठकमा सो प्रस्तावका पक्षमा एक हजार ६३ जना महासमिति सदस्यले हस्ताक्षर गरेका छन्। ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा जारी महासमिति बैठकमा सनातन हिन्दूराष्ट्र नेपाल स्थापना महाअभियानले हस्ताक्षर सुरु गरेको थियो।

अभियानका संयोजक शङ्कर भण्डारीले केही समयअघि महासमिति बैठकमा उक्त प्रस्ताव प्रस्तुत गर्नुभएको हो। उहाँले सो प्रस्तावाको आवश्यकता र औचित्यबारे महासमिति बैठकमा जानकारी गराई पार्टी सभापति शेरबहादुर देउवालाई प्रस्ताव बुझाउनुभएको थियो।

विसं २०७१ कात्तिक २० गते स्थापना भएको उक्त महाअभियानले नेपाली कांग्रेसभित्रका विभिन्न बैठकहरूमा हिन्दू राष्ट्रको विषय गहन ढङ्गले उठाउँदै आएको छ। यसअघि नवलपरासीको त्रिवेणीधाममा सम्पन्न पार्टीको महासमिति बैठक र काठमाडौँमा भएको बैठकमा समेत हिन्दू राष्ट्रको मुद्दा उठेको थियो।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् पूर्वमन्त्री भण्डारीको संयोजकत्वको उक्त महाअभियानले ९४ प्रतिशत ओमकार परिवारभित्र रहेको हिन्दूधर्मको मुद्दालाई उठाउँदै आएको हो।

उक्त महाअभियानको सहसंयोजकमा पूर्वमन्त्री एवम् कांग्रेस केन्द्रीय सदस्य देवेन्द्रराज कँडेल र महासमिति सदस्य लोकेश ढकाल तथा महासचिवमा केन्द्रीय सदस्यद्वय भीम पराजुली र मुक्ताकुमारी यादव हुनुहुन्छ। यस्तै, पूर्वमन्त्री लक्ष्मण घिमिरेसहितको १५ सदस्यीय सल्लाहकार समितिसमेत निर्माण गरिएको छ।

उक्त अभियानमा बिहीबार अन्तिम दिनमा आइपुग्दा एक हजार ६१ महासमिति सदस्यले हस्ताक्षर गरेको महाअभियानका सहसंयोजक लोकेश ढकालले जानकारी दिनुभयो।

महासमिति बैठकमा मधेश प्रदेश र सुदूरपश्चिम प्रदेशबाट बोल्ने महासमिति सदस्यले हिन्दू राज्यको मुद्दालाई प्राथमिकतासाथ उठाएको पाइन्छ। "धर्मको नाममा द्वन्द्व निम्त्याउने आशय महाअभियानको होइन, आम जनताको भावनालाई बुलन्द बनाउनका लागि महाअभियान सञ्चालन गरेका हौँ", सहसंयोजक ढकालले भन्नुभयो।

बहुमत महासमितिको भावनालाई कुल्चेर कांग्रेस अगाडि बढ्न नसक्ने ढकालले बताउनुभयो। वैदिक सनातन हिन्दू धर्मले सिर्जना गरेका मूल्य, मान्यता र आदर्श साझा पहिचान भएकाले यसको संरक्षणमा सबै लाग्नुपर्ने ढकालको भनाइ छ।

# एक लाखभन्दा बढी मुद्दा फछ्र्योट गर्न बाँकी

काठमाडौँ, १० फागुन (रासस)।
सर्वोच्च अदालतलगायत मातहतका अदालत तथा न्यायाधिकरणमा गरी जम्मा एकलाख ५८ हजार एक सय ४७ बाँकी फछ्र्योट गर्न बाँकी रहेको छ।

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष बिहीबार प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले पेस गर्नुभएको सर्वोच्च अदालत, न्यायपरिषद् र न्याय सेवा आयोगको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदनमा उक्त मुद्दा फछ्र्योट हुन बाँकी रहेको देखिएको हो।

सर्वोच्च अदालतलगायत मातहतका अदालत तथा न्यायाधिकरणमा गत आर्थिक वर्षदेखि जिम्मेवारी सरेका एक लाख ५९ हजार आठ सय ५१ र चालु आवमा नयाँ दर्ता भएका एक लाख ८० हजार एक सय ३९ गरी जम्मा मुद्दा तथा रिटको वार्षिक लगत तीन लाख ३९ हजार नौ सय ९० कायम भएको हो। त्यसमध्ये एक लाख ८१ हजार आठ सय ४३ अर्थात् ५३ दशमलव ४८ प्रतिशत मुद्दा तथा रिट फछ्र्योट भएको प्रतिवेदनमा जनाइएको छ।

सर्वोच्च अदालतमा गत आवदेखि जिम्मेवारी सरेका २९ हजार छ सय ५४ र यस आवमा नयाँ दर्ता भएका नौ हजार दुई सय ७९ गरी जम्मा मुद्दा तथा रिटको लगत ३८ हजार नौ सय ३३ कायम भएकामा सोमध्ये ११ हजार ७३ अर्थात् २८ दशमलव ४४ प्रतिशत फछ्र्योट भई २७ हजार आठ सय ६० बाँकी रहेको छ।

अठार वटा उच्च अदालत एवं इजलासमा गत आवदेखि जिम्मेवारी सरेका २५ हजार आठ सय ५४ थान र यस आवमा नयाँ दर्ता भएका ३७ हजार गरी मुद्दा तथा रिटको जम्मा लगत ६२ हजार आठ सय ५४ कायम भएकामा ३८ हजार आठ सय ६८ अर्थात् ६१ दशमलव ८४ प्रतिशत फछ्र्योट भई २३ हजार नौ सय ८६ बाँकी रहेका छन्।

जिल्ला अदालतमा गत आवदेखि जिम्मेवारी सरेका एक लाख दुई हजार तीन सय ६९ र यस आवमा नयाँ दर्ता भएका एक लाख ३२ हजार चार सय ६८ गरी मुद्दा तथा रिटको जम्मा लगत दुई लाख ३४ हजार आठ सय ३७ कायम भएकामा एक लाख ३० हजार चार सय सात अर्थात् ५५ दशमलव ५३ प्रतिशत फछ्र्योट भई एक लाख चार हजार चार सय ३० बाँकी रहेको वार्षिक प्रतिवेदनमा उल्लेख छ।

अन्य अदालत तथा न्यायाधीकरणमा गत आवदेखि जिम्मेवारी सरेका एक हजार नौ सय ७४ र यस आवमा नयाँ दर्ता भएका एक हजार तीन सय ९२ गरी मुद्दाको जम्मा लगत तीन हजार तीन सय ६६ कायम भएकोमा एक हजार चार सय ९५ अर्थात् ४४ दशमलव ४१ प्रतिशत फछ्र्योट भई एक हजार आठ सय ७१ बाँकी रहेको छ।

नेपालको संविधानको धारा १३८ बमोजिम सर्वोच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ।

# अठार प्रहरीलाई सात दिनभित्र हाजिर हुन निर्देशन

काठमाडौँ, १० फागुन (रासस)।
प्रहरी प्रधान कार्यालय नक्सालले १८ जना प्रहरी कर्मचारीलाई सात दिनभित्र स्पष्टीकरणसहित उपस्थित हुन निर्देशन दिएको छ।

आफूखुसी कार्यालयमा गैरहाजिरीमा रहेका र खोजतलास गर्दा पनि सम्पर्कमा नआएका १८ जना प्रहरीलाई सात दिनभित्र स्पष्टीकरणसहित उपस्थित हुन निर्देशन दिएको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "लामो समयदेखि कार्यालयमा गैरहाजिर रहेका प्रहरीलाई सात दिनभित्र हाजिर हुन भनिएको छ, तोकिएको अवधिमा सम्पर्कमा नआए वा हाजिर नभए कानुनी प्रकृया पूरा गरी सेवाबाट हटाइने छ।"

बिहीबार एक सूचना जारी गरी प्रहरी प्रधान कार्यालयले धनगढी उपमहानगरपालिका-३ का प्रहरी सहायक निरीक्षक गजेन्द्रसिंह ढगुन्ना, ओखरढुङ्गा सिशिचरण-९ का प्रबह धनबहादुर भुजेल, प्रसह मनकुमार खड्का, प्रसह महेस पासी, प्रसह रञ्जीतकुमार सिंह, प्रापज यमन राम्जाली, प्रापज अभिषेक सुबेदी, प्रापज राम विक, प्रहरी जवानहरु अशोक कुमार, मेगबहादुर पाण्डे, मनिष सुनार, ईश्वर धिमाल, तारामान गुरुङ, मनिषकुमार झा, सुमनकुमार बस्नेत, निरज बढई, विष्णु श्रेष्ठ तथा प्रकाश शेरबहादुर गिरीलाई सात दिनभित्र सम्पर्कमा आउन भनेको छ।

# लागुऔषधसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन।**
लागुऔषधसहित प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सप्तरीको अग्निसाइर कृष्णासवरण २ निवासी २१ वर्षिय निरज चौधरी र २२ वर्षिय अर्जुन चौधरी छन्।

प्रहरीका अनुसार सप्तरीको रुपनी गाउँपालिका ६ स्थित भगत पेट्रोल पम्प नजिकबाट बिरेन्द्र बजारतर्फ जाँदै गरेको स.१प.२१४८ नं.को मोटरसाइकलमा सवार दुबै जनालाई बुधबार चेकजाँच गर्ने क्रममा लागुऔषध आरएक्स प्रोमेथाजिन हाइड्रोक्लोराइड इन्जेक्सन ५१ थान र बुफ्रेनोफिन इन्जेक्सन ४८ थान बरामद भएको हो।

दुबै जनालाई नियन्त्रणमा लिई आवश्यक कार्वाहीको लागि जिल्ला प्रहरी कार्यालय सप्तरीमा राखी थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

### *राजविराज नगरपालिका...*

फाईल पेसीको दिन देखाई फिर्ता लैजाने गरी विपक्षीबाट झिकाउन साथै सो मिति २०८० फागुन १० सम्म विपक्षीको नाउँमा यस अदालतबाट जारी भएको अल्पकालिन अन्तरिम आदेशलाई समेत स्वतः निरन्तरता दिएको छ" फागुन ६ गते अदालतले जारि गरेको आदेशमा भनिएको थियो।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*